जिल्ला प्रशासन कार्यालय काठमाडौं
**इजलाश**
प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल
**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.४९ (हातहतियार)

दर्ता मिति :– २०७१/०४/२७

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.१७२१ , मिति :– २०७१/१०/२५

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | रामप्रसाद नेपालको छोरा काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.४, |
| **नेपाल सरकार**...............१ | धुम्वाराही बस्ने वर्ष ४० को **श्रवणकुमार नेपाल**....................... १ |
| **निजको प्रमाण** | **निजको प्रमाण** |
| साक्षी : प्र.ना.नि.हरीप्रसाद भट्ट | साक्षी : अनिल वाइवा तामाङ |
| कागज...×.... | कागज ...×.... |

**यस कार्यालयबाट बुझेको प्रमाण**....×....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिती २०७१।०४।०१ गते राती अं. २३:०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. ४, धुम्वाराही स्थित श्रवणकुमार नेपालको २ तले घरको दोस्रो तलाको ३ वटा कोठाहरुमध्ये दक्षिण पट्टी रहेको श्रवण कुमार नेपाल आफै सुत्ने गरेको कोठामा रहेको दराजमा काठको बिंड भएको कटुवा पेस्तोल रहेकोले उक्त कटुवा पेस्तोल प्रहरीले रितपूर्वक वरामद गरी सोही कोठा भित्र रहेका श्रवणकुमार नेपाललाई नियन्त्रणमा लिई पक्राउ गरी दाखिला गरेका छौ, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको खानतलासी वरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदन ।

२. म सानो हुँदा देखि नै मेरो घरमा वरामद भई आएको कटुवा पेस्तोल थियो । उक्त कटुवा पेस्तोल मैले का.जि.,का.म.न.पा. वडा नं. ४ धुम्वारही स्थित आफ्नै घरको कोठामा सजाई राखेकोमा मिति २०७१।४।१

गते वेलुका राती अं. २३:०० वजेको समयमा प्रहरी आई मेरो कोठामा खानतलासी गर्ने क्रममा उक्त कटुवा पेस्तोल फेला पारी वरामद गरेको हो, उक्त वरामद भई आएको कटुवा पेस्तोल मैले सजाउनको लागि कोठामा राखेको हुँ, मैले उक्त कटुवा पेस्तोल कही कतैबाट खरिद गरी ल्याई राखेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार नेपालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. मिती २०७१।०४।०१ गते राती अं. २३:०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. ४ धुम्वाराही स्थित घरको कोठामा श्रवणकुमार नेपालले अवैध रुपमा कटुवा पेस्तोल लुकाई राखेको अवस्थामा प्रहरीले कटुवा पेस्तोल सहित पक्राउ गरी लगेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको सानु श्रेष्ठले लेखाई दिएको कागज ।

४. वरामद भई आएको कटुवा पेस्तोल परिक्षण गर्दा The article No. 1 is a local made (Home made) pistol through which 12-bore shotgun cartridges can be fired. Its action mechanism is not in working condition. Its barrel showed sign of discharge (fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing cannot be ascertained with scientific accuracy भन्ने समेत व्यहोराको केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालाको हतियार परिक्षण प्रतिवेदन ।

५. प्रस्तुत मुद्दाको मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीको बयान कागज, परिक्षण प्रतिवेदन, बुझिएका मानिसले गरी दिएको कागज, केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतको मिसिल संलग्न आधार प्रमाणबाट निज प्रतिवादी श्रवणकुमार नेपालले अवैध रुपमा हातहतियार कटुवा पेस्तोल खरिद गरी ल्याई का.जि.का.म.न.पा. वडा नं. ४ धुम्वाराही स्थित घरको कोठामा राखेकोले निज श्रवणकुमार नेपाललाई हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) बमोजिमको कसूरमा सोही ऐनको दफा २०(२)(क) बमोजिम सजाँय गरी वरामद हतियार ऐ. ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. उक्त पेस्तोल मेरो घरमा पहिले देखि नै जिजुवुवाको पालादेखी नै थियो । सो मैले घरमा सजाउन राखेको हो । सो पेस्तोल प्रहरीले मिति ०७१।४।१ गते मेरो घरबाट वरामद गरी मलाई पक्राउ गरेको हो । उक्त पेस्तोल कुनै पनि घटनामा प्रयोग भएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार नेपालले यस कार्यालयमा गरेको वयान ।

७. अभियोगमा उल्लेख भए बमोजिम मिति २०७१।४।१ गते प्रतिवादीको घरकोठाबाट पेस्तोल थान १ वरामद भएको मुचुल्का र सो पेस्तोल आफ्नो घरकोठाबाट वरामद भएको तथ्य स्वीकार गरी प्रतिवादी रोहवरमा बसी सहिछाप गरेको खानतलासी/वरामदी मुचुल्का, प्रतिवादीले अनुसन्धानको क्रममा वयान गर्दा उक्त हतियार आफ्नो पिता पुर्खाको पाला देखी नै घरम रहेको, सजाउनका लागि मात्र घरमा राखेको र आफुले कही कतै प्रयोग नगरेको भनी खुलाई सोही व्यहोरालाई समर्थन हुने गरी यस कार्यालय समक्ष वयान गरेको समेतका मिसिल संलग्न कागजातहरु लगायतका तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी कसूरदार होइनन् भन्ने बिश्वास गर्ने अवस्था विद्यमान नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी श्रवणकुमार नेपाललाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २४(क) बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने समेत यस कार्यालयबाट मिति २०७१।४।२८ मा भएको आदेश बमोजिम निज थुनामा बसेका रहेछन् ।

८. प्रतिवादी श्रवणकुमार नेपाल मेरो बच्चै देखीको साथी दाई हुन्, निज यातायात व्यवसायी हुन्, निज गाँउ समाज, छरछिमेकमा अति मिलनसार व्यक्ति हुन् र त्यस्तो हातहतियारको कारोवार गर्ने, बोकेर हिड्ने मान्छे होइनन् र थिएनन् । के गरी उनी यस मुद्दामा परे थाह भएन, त्यस्तो नहुनु पर्ने । निज

गाडी व्यवसायी भई आफ्नो पेशामा समर्पित व्यक्ति भएकाले त्यस्तो गैरकानूनी कार्य नगरेको जस्तो लाग्छ, किनकी उहाँ आफै जानिफकार हुनु हुन्थ्यो । त्यस्तो पेस्तोल घरबाट कसरी फेला पऱ्यो थाह भएन, यी प्रतिवादी निर्दोष छन् भन्ने व्यहोरा समेत प्रतिवादी श्रवणकुमार नेपालका साक्षी अनिल वाइवा तामाङले यस कार्यालयमा गरेको वकपत्र ।

९. मिति २०७१।४।१ गते राती २३.०० बजेको समयमा का.जि.,का.म.न.पा.-४ धुम्वाराही स्थित रहेको प्रतिवादी श्रवणकुमार नेपालको घरमा अवैध पेस्तोल (हतियार) रहेको छ भन्ने सूचना प्राप्त भए पश्चात् महानगरीय प्रहरी वृत्त महाराजगन्जबाट खटिएको म समेतको प्रहरी टोलीले वरामदी मुचुल्कामा उल्लेखित दशीको सामान सहित प्रतिवादीलाई पक्राउ गरिएको हो, प्रतिवेदनमा उल्लेखित सहीछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवेदक प्र.ना.नि. हरीप्रसाद भट्टले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

१०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिती २०७१।०४।०१ गते राती अं. २३:०० बजेको समयमा काठमाण्डौ. जिल्ला, का.म.न.पा. वडा नं. ४ धुम्वाराही स्थित श्रवणकुमार नेपालको घर कोठामा रहेको दराजमा काठको विड भएको कटुवा पेस्तोल वरामद भएकाले प्रतिवादी श्रवणकुमार नेपाललाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) को कसूरमा ऐ. दफा २०(२) को क बमोजिम सजाँय गरी वरामद हतियार ऐ. दफा १६ बमोजिम जफत गरी सोही ऐनको दफा २५ बमोजिम पुरस्कार उपलव्ध गराई पाँउ भन्ने व्यहोराको अभियोग माग दावी रहेछ ।

११. यसमा अभियोग मागदावी बमोजिम प्रतिवादीले कसूर गरेको हो होइन, गरेको भए निजलाई के कस्तो सजाँय हुने हो, ऐ दफा २५ बमोजिम पुरस्कार उपलब्ध गराउनु पर्ने हो होइन भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१२. मिसिल संलग्न कागजातहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०७१।४।१ गते का.जि.,का.म.न.पा.-४ धुम्वाराही स्थित प्रतिवादी श्रवणकुमार नेपालको आफ्नै घरकोठामा पूर्व-उत्तर कुनामा पलङ माथि सेतो रंगको पेन्ट गरेको काठको बीँड भएको कटुवा पेस्तोल थान १ फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्काको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेको देखिन्छ ।

१३. अनुसन्धानको क्रममा वरामद भई आएको कटुवा पेस्तोल आफु सानै हुदा देखि घरमा रहेको, उक्त पेस्तोल का.जि.,का.म.न.पा.-४ धुम्वाराही स्थित आफ्नो घरको कोठामा सजाई राखेकोमा मिति २०७१।४।१ गते प्रहरी आई कोठा खानतलासी गर्ने क्रममा उक्त कटुवा पेस्तोल फेला पारी वरामद गरेको हो, उक्त पेस्तोल सजाउनका लागि कोठामा राखेको, उक्त पेस्तोल कहीँ कतैबाट खरिद गरी ल्याएको राखेको नभएको र उक्त पेस्तोल कुनै पनि घटनामा प्रयोग नभएको भनी हतियार वरामद भएको तथ्यमा सावित रही वयान गरी यस कार्यालय समक्षको वयानमा सोही व्यहोरालाई समर्थन गरेको देखियो । वादी नेपाल सरकारका साक्षी प्रतिवेदक प्रहरी नायव निरीक्षक हरीप्रसाद भट्टले प्रतिवादीको घर कोठाबाट पेस्तोल वरामद भएको भनी यस कार्यालय गरेको वकपत्र र वरामद भई आएको कटुवा पेस्तोल local made (Home made) pistol through which 12-bore shotgun cartridges can be fired भन्ने व्यहोराको हतियार परीक्षण प्रतिवेदन मिसिल सामेल रहेबाट प्रतिवादीको साथ स्वामित्वबाट हातहतियार वरामद भएको तथ्यमा कुनै विवाद रहेन ।

१४. आफ्नो साथ स्वामित्वबाट पेस्तोल वरामद भएको तथ्यलाई प्रतिवादीले स्वीकार गरी सकेको अवस्थामा प्रतिवादी त्यस्तो हातहतियारको कारोवार गर्ने, बोकेर हिड्ने मान्छे नभएका र निर्दोष रहेका भनी निजका साक्षीले यस कार्यालयमा गरेको वकपत्र तथ्य भन्दा पनि राय र प्रतिवादीको चालचलनमा केन्द्रित देखिन्छ । **सजाँयमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको नै हुने** व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २७ मा गरिएको छ । त्यसै गरी **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर समेत प्रतिपादन भएको पाईन्छ ( निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । यस मुद्दामा प्रतिवादीले आफ्नो घर कोठाबाट वरामद उक्त पेस्तोल पिता पुर्खाको पालादेखि नै घरमा रहेको, कहिं कतैबाट खरिद गरी नल्याएको, कहिं कतै प्रयोग नगरेको भनी जिकिर लिएता पनि विना इजाजत आपराधिक चिजवस्तु आफ्नो साथ स्वामित्वमा लामो समयसम्म राख्नु र सरकारले बेला बेलामा हातहतियार सरकारलाई फिर्ता गर्न जारी गर्ने गरेको सुचना बमोजिम उक्त हातहतियार नेपाल सरकारलाई फिर्ता नगर्नुबाट प्रतिवादीले उक्त हतियार खरिद नगरेको, कहिं कतै प्रयोग नगरेको भन्ने जिकिर लिएकै भरमा निजलाई फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्न सकिंदैन ।

१५. अतः माथि उल्लेखित खानतलासी वरामदी मुचुल्का, प्रतिवादीको वयान, वादी पक्षका साक्षीको वकपत्र र माथि विवेचित कानुनी व्यवस्था एवं नजिर समेतका आधारमा प्रतिवादीले आफ्नो घर कोठामा विना लाइसेन्स (इजाजत) हातहतियार राखेको पुष्टि हुन आएकाले प्रतिवादी श्रवणकुमार नेपालले हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) बमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा वरामद हतियार चालु अवस्थामा नरहेको भन्ने परीक्षण प्रतिवेदन रहेको, यस अघि कुनै आपराधिक योजनामा वा आपराधिक कार्यमा प्रतिवादीको संलग्नता रहेको भन्ने नदेखिएको, वरामद हतियार अवलोकन गर्दा पनि सेतो रंगले पेन्टिङ्ग गरेको र फायरिङ्ग हुन नसक्ने अवस्थाको देखिएको, प्रतिवादीको ७६ वर्षीय वृद्ध पिताले यस कार्यालयमा आई जरिवाना मात्र गरी पाँउ भनी निवेदन दिएको, निज प्रतिवादी थुनामा नै रहदा निजको आमाको मृत्यु भएको कागजातहरुबाट देखिएकाले कैदको सजाँय गर्दा अलिक चर्को पर्न जाने देखियो । जरिवानाको मात्र सजाँय गर्दा पनि न्यायको उद्देश्य पुरा हुने भएकाले निजलाई सोही ऐनको दफा २०(२) बमोजिम रु ९१,०००।-( एकानब्बे हजार ) जरिवाना हुन्छ । वरामद भई आएको कटुवा पेस्तोल थान १ ऐ.दफा १६ बमोजिम जफत हुन्छ । प्रहरी प्रतिवेदकहरुले ऐ. दफा २५ बमोजिम एक चौथाई पुरस्कार पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादी श्रवणकुमार नेपाल के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु ९१,०००।( (एकानव्वे हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निज प्रतिवादी मिति २०७१।४।१ मा पक्राउमा परी हालसमम थुनामा रहेको देखिंदा ठहरेको जरिवाना मू.ऐ. अ.वं. १२० तथा दण्ड सजाँयको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाँय महलको ३८ नं.बमोजिम कैदीपूर्जि दिनु........१
- वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु......................२

- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .......३
- प्रस्तुत इन्साफमा चित्त नबुझे ७०(सत्तरी दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्र. श्रवण कुमार नेपाललाई पुनरावेदन म्याद दिनु...........................४
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनु..........................................................................................५
- प्रहरी प्रतिवेदकहरुले हातहतियार खरखजाना ऐन, २०१९को दफा २५ बमोजिम एक चौथाई पुरस्कार पाउने ठहरेकाले सो सम्बन्धमा सम्बन्धित प्रहरी वृत्त र यस कार्यालयको लेखा शाखालाई आवश्यक जानकारी दिनु...........................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ......................७

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी कम्प्युटर
टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु. भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्वत् २०७१ साल माघ महिना २५ गते रोज १ शुभम् ......................